बाट: कुलपतिको कार्यालय
विषय: *UW–Madison* कर्मचारीहरूका लागि जाडो मौसमको *Badger* खेलकुद हेर्ने अवसर
मिति: जनवरी ११, २०२३

सहकर्मीहरू,

*UW Athletics* को साझेदारीमा, *UW–Madison* ले संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारीहरूको योगदानका लागि आभार व्यक्त गर्न जारी राखेको छ।

संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारीहरूका लागि *Kohl Center* मा हुने तल मध्ये एक खेलकुद कार्यक्रमको लागि दुईवटा नि:शुल्क टिकेट पाउने अवसर छ:

***UW* पुरुष हकी:**

***Michigan State* सँग शुक्रबार फेब्रुअरी १७ बेलुकी ८ बजे**
*रातो लगाएर सीटहरू भर्नुहोस् ! सबै दर्शकहरूलाई लागि रातो लगाउन प्रोत्साहन गरिन्छ।*

***Michigan State* सँग शनिबार, फेब्रुअरी १८ बेलुकी ७ बजे**
*वरिष्ठ विद्यार्थीहरूको रात (Senior Night) – खेल अघि हाम्रा वरिष्ठ विद्यार्थीहरूको सम्मान गर्नका लागि हाम्रो साथ दिनुहोस्!*

***UW* महिला बास्केटबल:**

***Northwestern* सँग आइतबार, जनवरी २९ दिउँसो बजे**
*खेलकुदमा कन्या र महिलाहरूको राष्ट्रिय दिवस – थप जानकारी पाउनुहोस्*

***Michigan* सँग आइतबार, फेब्रुअरी २६ दिउँसो १ बजे**
*आइतबार बालबालिकाहरूको दिन (खाजापानीको $5 )– थप जानकारी पाउनुहोस्*

***UW* पुरुष बास्केटबल:**

***Penn State* सँग मंगलबार, जनवरी १७ बेलुकी ७:३० बजे**
*विविधता र समावेशीकरणको प्रतिनिधित्वमा यस वर्षको कालो वैकल्पिक लुगाको उद्घाटन – थप जानकारी पाउनुहोस्*

***Iowa* सँग बुधबार, फेब्रुअरी २२ बेलुकी ८ बजे**
*Kohl Center लाई सेतो बनाउनुहोस्! सबै दर्शकहरूलाई आफ्नो सेतो लुगा लगाउन प्रोत्साहन गरिन्छ।*

नि:शुल्क टिकेट मगाउन र थप टिकेटहरू खरिद गर्न, कृपया यो वेबसाईट हेर्नुहोला:
**https://go.wisc.edu/2023uwcampuswinteroffer**।

सबै टिकेटहरू, नि:शुल्क र खरिदका लागि उपलब्ध थप टिकेटहरू, मगाउँने क्रममा सँगै सीटमा राखिनेछ।

टिकेट मगाउने क्रममा टिकेटहरू मोबाईल मार्फत पठाईनेछ र हुलाक मार्फत पठाईने छैन वा लिन जान पाईँनेछैन।

तपाईंको लागि थप टिकेटहरू खरिद गर्ने अवसर पनि छ। पुरुष हकीको थप टिकेटलाई प्रति टिकेट $12 पर्दछ, महिला बास्केटबलको थप टिकेटलाई प्रति टिकेट $5 पर्दछ र पुरुष बास्केटबलको थप टिकेटलाई प्रति टिकेट $15 पर्दछ। सीमित आपूर्ति नसकुन्जेलसम्म टिकेटहरू जसले पहिला मगाउने त्यसले पाउने तरिकामा उपलब्ध हुनेछन्।

टिकेट खरिद गर्ने म्याद हरेक खेलको एक दिन अघिको बेलुकी ४ बजेसम्म वा आपूर्ति नसकुन्जेलसम्म छ। यस अवसर पहिले नै खरिद गरिएको टिकेटको लागि मान्य हुँदैन।

*Kohl Center* भित्र ल्याउन सकिने सामानहरूको नीतिहरूका लागि, यो वेबसाईट
हेर्नुहोला: http://www.UWBadgers.com/FanPolicies

हामी तपाईंलाई त्यहाँ भेट्ने आशा गर्दछौं र तपाईंले गर्नुभएको सबै कामको लागि धन्यवाद दिन चाहन्छौं।

कुलपतिको कार्यालय
*UW Athletics*